# सम्बत् २०७७ साल साउन २६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सर्वोच्च अदालतबाट मिति २०७६/१०/२२ मा भएको आदेश बमोजिम राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत श्री यादवप्रसाद रेग्मीलाई अतिरिक्त मुख्य अनुसन्धान निर्देशक र श्री मधु कार्कीलाई अनुसन्धान निर्देशक पदमा कायम गरी निजहरुको दरबन्दी राष्ट्रिय अनुसन्धान विभागको फाजिल (निजहरुको कार्यकालसम्म) मा कायम गर्ने ।

२. अर्थ मन्त्रालय — नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम (तेस्रो) का लागि बेलायत सरकारले उपलब्ध गराउने थप अनुदान सहायता स्वीकार गर्ने विषयको प्रस्ताव फिर्ता गर्ने ।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — नेपाल-बंगलादेश वाणिज्य सचिव स्तरको छैठौं बैठकका लागि वार्ता टोली गठन गर्ने ।

४. गृह मन्त्रालय — विभूषणसम्बन्धी विधेयकको मस्यौदा तर्जुमाको सैद्धान्तिक स्वीकृति दिने ।

५. गृह मन्त्रालय — नेपाली नागरिकलाई विदेशी मुलुकबाट पदक ग्रहण गर्न स्वीकृति दिने ।

६. गृह मन्त्रालय — जाजरकोट घटनाका मृतकका परिवारलाई प्रति परिवार रु. १० दश लाखका दरले आर्थिक सहायता उपलब्ध गराउने र घाइतेहरुको उपचार गर्दा लागेको बील बमोजिमको उपचार खर्च उपलब्ध गराउने ।

७. परराष्ट्र मन्त्रालय — नेपाल र इजरायलबीच कूटनीतिक राहदानीवाहकलाई प्रवेशाज्ञा उन्मुक्ति सम्बन्धी सम्झौतामा हस्ताक्षर गर्न अख्तियारी दिने ।

८. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

९. रक्षा मन्त्रालय — नेपाली सेनाका सहायक रथी विज्ञानदेव पाण्डे र महासेनानी नकुल बहादुर रायमाझीको बढुवा गरी पदस्थापन तथा उपरथी सरोज प्रताप राणा र २५ सहायक रथीहरूको सरुवा गर्ने ।

१०. रक्षा मन्त्रालय — नेपाली सेनाका प्राविधिक प्रमुख सेनानी सानुमैया श्रेष्ठलाई प्राविधिक महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने ।

११. वन तथा वातावरण मन्त्रालय — सुपरमाइ क्यासकेड जलविद्युत आयोजना (३ मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने ।

१२. वन तथा वातावरण मन्त्रालय — गर्च्याङ खोला साना जलविद्युत आयोजना (६.६०मे.वा.) निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

१३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — झापा जिल्ला, विर्तामोड नगरपालिका, वडा नं. २ स्थित श्री मोहनमाया माध्यमिक विद्यालयको भवन रहेको जग्गा सो विद्यालयको नाममा प्राप्त गर्न कारबाही अगाडि बढाउन जिल्ला प्रशासन कार्यालय झापालाई स्वीकृति दिने ।

१४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — शम्भूजीत संगीत घर नेपाल, काठमाडौं ४ गैह्रीधारा लाई पूर्वाधार विकासका लागि रु. १० लाख आर्थिक सहयोग उपलब्ध गराउने ।

१५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत सञ्चालित आयोजनाहरुको अधिकृतस्तरका ५५ अस्थायी दरवन्दी २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्तसम्मका लागि सिर्जना गर्न स्वीकृति दिने ।



नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

१६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — स्थानीय तहका कर्मचारीको वैयक्तिक विवरण (सिटरोल) को ढाँचा निर्धारण गरी अभिलेख व्यवस्थापन गर्न समय उपलब्ध गराउने ।

१७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — प्रेस काउन्सिल (कार्य व्यवस्था) (तेस्रो संशोधन) नियमावली, २०७७ स्वीकृत गरी नेपाल राजपत्रमा प्रकाशन गर्न स्वीकृति दिने ।

१८. सहरी विकास मन्त्रालय — काठमाडौं महानगरपालिका वडा नं. ३२ को सामुदायिक विकास समिति सुविधानगरको भवन निर्माण, विभिन्न संरचना निर्माण तथा मन्दिर मर्मत सम्भार, रंगरोगन एवं छाना तथा मार्वल परिवर्तनका लागि रु. २८ लाख अनुदान उपलब्ध गराउने ।

१९. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — खाद्य पदार्थहरूको गुण, स्तर निर्धारण सम्बन्धी आदेश स्वीकृत गर्ने ।

२०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७ स्वीकृत गर्ने ।

२१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — राष्ट्रिय जनगणना २०७८ को घर तथा घरपरिवार सूचीकरण फारम र मुख्य प्रश्नावली स्वीकृत गर्ने।

२२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — नेपाल विद्याभूषण, नेपाल प्रविधि विद्याभूषण, नेपाल छात्रा विद्यापदक र राष्ट्रिय शिक्षा पुरस्कार सम्बन्धी निर्देशिका, २०७७ स्वीकृत गर्ने ।

२३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय —

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/२/१२ को निर्णयबमोजिम जारी भएको कोभिड १९ को विश्वव्यापी सङ्क्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी आदेश, २०७७ को दफा २. प्रवेश विन्दुसम्बन्धी व्यवस्थामा रहेको उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने।

(१) भारतबाट स्थलमार्ग हुँदै स्वदेश आउने नेपालीको लागि नेपाल-भारत सीमाका देहायका प्रवेश विन्दु तोकिएको छः-

(क) काकडभिट्टा (झापा)
(ख) रानी (मोरङ्ग)
(ग) माडर (सिराहा)
(घ) गौर (रौतहट)
(ङ) वीरगञ्ज (पर्सा)
(च) वेलहिया (रूपन्देही)
(छ) कृष्णनगर (कपिलवस्तु)
(ज) जमुनाह (बाँके)
(झ) गौरीफन्टा (कैलाली)
(ञ) गड्डाचौकी (कञ्चनपुर) ।

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरु

२४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय —

१. विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ रोगको संक्रमणबाट सुरक्षित रहनका लागि छिमेकी मित्रराष्ट्रहरू लगायत अन्य मित्रराष्ट्रहरूले चालेका प्रयास र अनुभवसमेतलाई ध्यानमा राखी यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूलाई सो रोगको संक्रमणबाट सुरक्षित राख्न नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सवै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरूको आवागमन २०७७ साउन ३२ गते आइतबार मध्यरातसम्मका लागि स्थगित गरिएकोमा हाललाई मिति २०७७ भदौ ३१ गते बुधबार (तदनुसार २०२० सेप्टेम्बर १६) मध्यरातसम्मका लागि नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सवै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरूको आवागमन स्थगित गर्ने गरी निरन्तरता दिने ।

तर, नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/२/१२ को निर्णयबमोजिम जारी भएको "कोभिड-१९ को विश्वव्यापी सङ्क्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी आदेश, २०७७ (मिति २०७७/४/२६ को संशोधनसमेत)" बमोजिम स्थल मार्गबाट नेपाल प्रवेश गर्न तोकिएका प्रवेश विन्दुबाट नेपाल प्रवेश गर्न दिने व्यवस्था र मालसामानको ढुवानी व्यवस्थालाई यथावत कायम राख्ने। यो आदेशको पालना नगरी सीमा नाकाबाट प्रवेश गर्ने गराउने र प्रवेश गरेका मानिसहरूलाई लुकाउने कार्य गरे गराएमा प्रचलित कानूनबमोजिम कारबाही गर्ने ।

२. विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रणका लागि सरकारले संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी गरेको आदेश जनताको जीवन रक्षाका लागि हो। हालसम्म यो आदेशको पालना गरी साथ दिनुभएकोमा नेपाल सरकार सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ। साथै, संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी गरिएको आदेश र नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सवै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरूको आवागमन स्थगित गर्ने कार्यको पूर्ण पालना गरी गराई सहयोग पुऱ्याउनु हुन नेपाल सरकार सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक आग्रह गर्दछ ।

२५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय —

विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/४/५ को निर्णयअनुसार जारी भएको आदेशमा देहायबमोजिम हेरफेर तथा थपघट गर्ने। सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने।

१. आदेशको दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने-
(क) होटल तथा रेष्टुरेण्टबाट तयार गरिएका खाद्य परिकार लैजाने सेवा (टेक अवे) मात्र ।



नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरु

२. आदेशको दफा ३ मा रहेको "मिति २०७७ भदौ १ गतेदेखि" भन्ने व्यहोराको सट्टा "मिति २०७७ भदौ १६ गतेदेखि" भन्ने व्यहोरा राख्ने ।

३. आदेशको दफा ४ पछि देहायको दफा ४क., ४ख., ४ग., ४घ., ४ङ., ४च., ४छ., ४ज., ४झ., ४ञ., ४ट., ४ठ., ४ड. र ४ढ. थप गर्ने-

४क. कोभिड-१९ सङ्क्रमणको सक्रिय सङ्क्रमित दुई सयभन्दा बढी भएका जिल्ला र काठमाडौं उपत्यकाका सरकारी तथा गैरसरकारी निकाय, बैंक, सहकारी, लघुवित्त एवं वित्तीय संघ-संस्थालगायतका जनतासँग प्रत्यक्ष सम्पर्कमा रही सेवा प्रवाह गर्ने सबै कार्यालय, निकाय एवं संघ-संस्थाहरूले विद्युतीय माध्यमबाटसमेत सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने। मिति २०७७ साउन २९ गतेदेखि यी निकायहरूको कार्यसम्पादन एवं सेवा प्रवाहका लागि बढीमा ५० प्रतिशत कर्मचारी कार्यालयमा आलोपालो गरी उपस्थित हुने र अन्य कर्मचारीहरूलाई सुरक्षित रूपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएका कार्यहरू गर्ने (Work from Home) व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने। अनलाइन, भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न सम्भव नहुने र बढी जनसम्पर्क हुने कार्य अर्को निर्णय नभएसम्मका लागि स्थगित गर्ने, सेवा प्रवाह र जनशक्ति व्यवस्थापनको जिम्मेवारी जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) को समन्वयमा सम्बन्धित कार्यालय प्रमुखको हुने।

४ख. मानिसहरूको जमघट, भेटघाट एवं नजिकिने कार्यबाट कोभिड-१९ को सङ्क्रमण बढ्दै गइरहेको हुँदा अत्यावश्यक बाहेकका कुनै पनि प्रकारका बैठक, समीक्षा, गोष्ठी, सेमिनार, छलफल, भेलाजस्ता सामूहिक जमघट हुने कार्यहरू नगर्ने/नगराउने।

४ग. स्वास्थ्य र सुरक्षालगायतका आधारभूत सेवा प्रवाहलाई निरन्तरता दिन जनशक्ति, जनशक्तिलाई आवश्यक पर्ने स्वास्थ्य सामग्री, आवश्यक सुरक्षा प्रबन्ध र अनुकूल कार्य वातावरण बनाउन सम्बन्धित मन्त्रालयका सचिवले आवश्यक कार्ययोजना तयार गरी प्रभावकारी रूपमा कार्य सञ्चालन गर्ने गराउने।

४घ. कोभिड-१९ को सङ्क्रमणको जोखिम बढ्दै गएको देखिएको हुँदा जनस्वास्थ्यको रक्षालाई सर्वोच्च प्राथमिकतामा राख्नुपर्ने आवश्यकता भएकोले धार्मिकस्थलहरूमा दैनिक नित्य पूजा बाहेक अन्य कुनै पनि गतिविधि सञ्चालन नगर्ने नगराउने । चाडपर्वहरू आ-आफ्नै घरभित्र रही जनस्वास्थ्यका मापदण्डहरू पालना गरेर आ-आफ्नो परिवारका सदस्यहरूले मात्र मनाउने ।

४ङ. दैनिक उपभोग्य वस्तुलगायत पूर्वाधार निर्माणमा आवश्यक सामग्रीहरू आपूर्ति गर्दा सो कार्यमा संलग्न चालक, सहचालक तथा अन्य व्यक्तिले स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पालनामा कमी भएको देखिएकोले सम्बन्धित व्यवसायी, उद्योगी एवं सामाजिक संघ-संस्था, सामुदायिक संस्था र सहकारीहरूले अनिवार्य रूपमा सामाजिक दुरी कायम गर्नुका साथै मास्क, स्यानिटाइजरजस्ता न्यूनतम स्वास्थ्य मापदण्ड पालना गर्ने । तोकिएका प्रवेश विन्दु र सुरक्षा जाँच गर्ने स्थानहरूमा मापदण्ड पालना भए नभएको जाँच गर्ने,

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

पालना नभएमा तत्काल कारबाही गर्ने। जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरूको पालना गर्ने गराउने जिम्मेवारी विषयगत मन्त्रालयका सचिवको हुने, विषयगत मन्त्रालयका सचिवले मातहतको विभाग, कार्यालय र स्थानीय प्रशासनको समन्वयमा नियमित अनुगमन गर्ने गराउने।

४च. शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्युसन सेन्टर,, तालिम केन्द्र), सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन, सिनेमा हल, पार्टी प्यालेस, डान्सबारलगायतका मनोरञ्जन स्थल, सैलुन, ब्युटीपार्लर तथा स्पा, स्वीमिङ पुल, जिमखानालगायत हेल्थ क्लब, समूहमा खेलिने खेलकुद र खेल मैदानमा हुने प्रस्तुति, सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल, पुस्तकालय, सङ्ग्रहालय र चिडियाखाना हाल सञ्चालन निषेधकै अवस्थामा रहेको हुँदा सम्बन्धित मन्त्रालयबाट यसको नियमित अनुगमन गरी कडाइका साथ पालना गर्ने गराउने एवं उल्लङ्घन गर्नेलाई प्रचलित कानुनबमोजिम कारबाही गर्ने।

४छ. काठमाडौं उपत्यकाका तीनवटा जिल्लाभित्र आवतजावत गर्नेबाहेक कोभिड-१९ को सक्रिय संक्रमित सङ्ख्या दुई सयभन्दा बढी भएका जिल्लाबाट अन्य जिल्लामा जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) तथा स्थानीय प्रशासनको अनुमतिमा बाहेक आवतजावत नगर्ने नगराउने। अत्यावश्यक कार्यका लागि मात्र अनुमति प्रदान गर्ने। अनुमति प्रदान गर्दा प्रयोजनसमेत खुलाई यात्रा गर्ने व्यक्तिको नामसमेत समावेश गरी अनुमतिपत्र जारी गर्ने।

४ज. फुटपाथ/खुल्ला ठाउँ र ठेलागाडा/साइकलमा सञ्चालन भइरहेका तरकारी, फलफूल, खाद्यान्न, लत्ता कपडालगायतका खुद्रा व्यापार व्यवसाय एवं कवाडी सङ्कलनजस्ता कार्य जथाभावी रूपमा सञ्चालन हुँदा भीडभाड बढ्ने र कोभिड-१९ को सङ्क्रमण समुदाय स्तरसम्म विस्तार हुने जोखिम बढेकोले यस्ता कार्यलाई सम्बन्धित स्थानीय प्रशासन/स्थानीय तहले निषेध गर्ने।

४झ. उद्योग, कलकारखानालगायतका व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरूले हाल उद्योग व्यवसाय सञ्चालन गर्न तथा निजी तथा सार्वजनिक निर्माणको काममा लगाइएका श्रमिकलगायतका जनशक्तिलाई अनिवार्य रूपमा जनस्वास्थ्य तथा सुरक्षाको मापदण्ड अवलम्बन गर्न लगाई उद्योग/कलकारखाना/सार्वजनिक तथा निजी निर्माणको परिसरभित्रै सुरक्षित रूपमा खाने बस्ने व्यवस्था गर्ने। हाललाई अन्यत्र स्थानबाट कामदारहरू नल्याउने। कोभिड-१९ को सङ्क्रमणको कारण भविष्यमा आउने जोखिम व्यवस्थापन गर्न सम्बन्धित उद्योग व्यवसायले आफ्नो क्षेत्रभित्र आवश्यक क्वारेन्टिन तथा आइसोलेसनलगायतका पूर्वाधारको प्रबन्धसमेत गर्ने।

४ञ. नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबमोजिम अनुमति भएका व्यक्तिहरूलाई नेपाली कूटनीतिक नियोगको सिफारिसमा ३०० (तीन सय) जना र वैदेशिक रोजगार कल्याणकारी कोषबाट खर्च व्यहोर्ने गरी उद्धार गरिने २०० (दुई सय) जना नेपाली नागरिकसमेत दैनिक कुल ५०० (पाँच सय) जनाको सङ्ख्यामा नबढ्ने गरी उडान



नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

अनुमति दिने। यस्ता उडानबाट आउने व्यक्तिहरूलाई काठमाडौं उपत्यकामा नै तोकिएका स्थानमा क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाई सङ्क्रमणमुक्त भएको यकिन भएपछि मात्र सम्बन्धित गन्तव्यमा पठाउने व्यवस्था गर्ने। यसरी आउने व्यक्तिहरूलाई आवश्यक क्वारेन्टिनको व्यवस्थापन काठमाडौं उपत्यकाका स्थानीय तहको समन्वयमा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) ले गर्ने। यसरी आउने यात्रुको ५ देखि ७ दिनभित्र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले RT-PCR परीक्षण गर्ने व्यवस्था मिलाउने।

४ट. कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७ मा तोकिएका प्रवेश विन्दुहरूबाट आवतजावत गर्ने व्यक्तिहरूको अभिलेख राख्ने। प्रवेश विन्दु रहेकै जिल्लामा सम्बन्धित प्रदेश सरकारको समन्वय र नेपाली सेनाको सहयोगमा सम्बन्धित जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) ले आवश्यक बेड सङ्ख्याका क्वारेन्टिनको व्यवस्था गर्ने।

४ठ. भारततर्फको सीमावर्ती क्षेत्रमा रहेका वस्ती एवं बजारमा कोभिड-१९ को सङ्क्रमण फैलिरहेको अवस्थालाई मध्यनजर गर्दै नेपाल-भारत सीमाबाट नेपाल प्रवेश गर्न तोकिएका उल्लिखित निश्चित प्रवेश विन्दुहरू (नाका) बाहेक अन्यत्र कुनै पनि स्थानबाट दैनिक रूपमा किनमेलका लागि आवतजावत गर्न, उद्योगका लागि कुनैपनि प्रकारको जनशक्ति/कामदार ल्याउन एवं कुनै पनि प्रकारको आवतजावत हुन नदिने व्यवस्था सम्बन्धित जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) ले मिलाउने।

४ड. कोभिड-१९ को सङ्क्रमणको दर वृद्धि भइरहेको सन्दर्भमा संक्रमितहरूको विश्लेषण गरी लक्षण नदेखिएका संक्रमितहरूलाई राख्न आवश्यक बेड सङ्ख्याका आइसोलेसन सेन्टर तयार गर्ने। सङ्क्रमणको दर बढिरहेको स्थानमा रहेका अस्पतालको हालको

क्षमता अध्ययन गरी लक्षण भएका सङ्क्रमितहरूलाई उपचार गर्ने प्रयोजनको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्रोतसाधनको आवश्यक प्रबन्धसहित निजी अस्पताल तथा शिक्षण अस्पतालहरूलाई प्रयोग गर्नसक्ने गरी वैकल्पिक व्यवस्था मिलाउने।

४ढ. हाल सङ्क्रमणको दर बढेका, सङ्क्रमणको उच्च जोखिममा रहेका एवं आवश्यक मात्रामा स्वास्थ्यकर्मीको अभाव देखिएका स्थानहरूमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट तत्काल आवश्यक जनशक्ति खटाई स्वास्थ्य सेवालाई सुदृढ र प्रभावकारी गराउने।

नेपाल सरकार,मन्त्रिपरिषद्का निर्णयहरु

## सम्बत् २०७७ साल साउन १९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा श्री सुशील भट्टलाई नियुक्त गर्ने।

२. अर्थ मन्त्रालय — अर्थ मन्त्रालय र अन्तर्गत मौजुदा दरबन्दीबाट पदपूर्ति गर्ने गरी चालू आर्थिक वर्ष २०७७/७८ मा आवश्यक पर्ने ७ जना राजत्राकिंत पदहरूको अस्थायी दरबन्दी स्वीकृति गर्ने।

३. अर्थ मन्त्रालय — बेरुजु फछ्र्यौट मूल्याङ्कन र अनुगमन समितिको सदस्य सचिवमा श्री रमा जोशी दुलाललाई मनोनयन गर्ने।

४. अर्थ मन्त्रालय — साना विकास आयोजना कार्यान्वयनको लागि नेपाल तथा भारत सरकारबीच भएको सम्झौताको म्याद थप गर्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — नेपाल विद्युत प्राधिकरण, सुर्खेत मातहतको डोल्पा वितरण केन्द्रको भवन निर्माण र न्यू खिम्ती-बाह्रविसे खण्ड अन्तर्गत रामेछाप, दोलखा र सिन्धुपाल्चोक जिल्लाहरूमा प्रशारण लाइनको टावरप्याड निर्माणको लागि जग्गा प्राप्त गर्ने तथा प्रारम्भिक कारवाही गर्ने अधिकारी तोक्ने।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — रूग्ण उद्योग सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्न समिति गठन गर्ने।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — केही शब्दहरूको अंग्रेजी अनुवादमा स्पष्टता र एकरूपता कायम गर्ने विषयको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रस्ताव थप अध्ययनका फिर्ता गर्ने ।

८. परराष्ट्र मन्त्रालय — नेपाल-भारत सीमा निरीक्षण समितिको प्रतिवेदनमा उल्लिखित सुझावहरू अनुसारको कार्ययोजना स्वीकृत गर्ने।

९. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — स्याङ्जा जिल्ला, अर्जुनचौपारी गाउँपालिका वडा नं.१ को ३० रोपनी जग्गा प्रशासकीय भवन लगायतका पूर्वाधार विकास गरी सञ्चालन गर्न ३० वर्षे दीर्घकालीन प्रकारको लिजमा उपलब्ध गराउन स्वीकृति दिने।

१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — कञ्चनपुर जिल्ला वेदकोट नगरपालिकाभित्रको जग्गा नाप जाँचसमस्या समाधान समिति गठन आदेश, २०७७ स्वीकृत गर्ने विषयको प्रस्ताव – मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

११. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न ४२ जना राजपत्रांकित अधिकृतहरुको अस्थायी दरवन्दी स्वीकृत गर्ने।

१२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — रेल्वे ट्रयाक एवं स्टेशनको लागि आवश्यक जग्गा अधिग्रहण र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने ।

१३. वन तथा वातावरण मन्त्रालय — माथिल्लो मिदिम जलविद्युत आयोजनाको भौतिक संरचनाहरु निर्माण गर्नका लागि ८.९८ हेक्टर सरकारी वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — राष्ट्रिय शिक्षा दिवसको उपलक्ष्यमा प्रदान गरिने पदक तथा पुरस्कार सम्बन्धी निर्देशिका, २०७७ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१५. शहरी विकास मन्त्रालय — शहरी विकास मन्त्रालय अन्तर्गत सञ्चालन हुने विकास आयोजना/कार्यक्रम सञ्चालनको लागि राजपत्रांकित पदका २९२ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — स्वास्थ्य बीमा बोर्डको अध्यक्ष पदमा भुम्लुटार-८, काभ्रेपलाञ्चोक निवासी डा.सेनेन्द्रराज उप्रेतीलाई नियुक्त गर्ने।

१७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — ट्रङ्क लाइन तथा डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति भइरहेको विद्युत उपभोगकर्ता उद्योगी व्यावसायीहरू र विद्युत प्राधिकरणबीच देखिएको विवादलगायतका समस्याको समाधान मन्त्रालय र मातहतका निकायहरूबाट समन्वयात्मक रूपमा गर्ने गरी प्रतिवेदन कार्यान्वयन गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई निर्देशन दिने।

१८. नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव श्री बीर बहादुर राईलाई बढुवा गर्ने।

१९. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय — सन्धि सम्पन्न गर्ने सम्बन्धी निर्देशिका, २०७७ स्वीकृत गर्ने ।

२०. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय —प्रशासकीय अदालत नियमावली, २०७७ स्वीकृत गर्ने।

२१. शहरी विकास मन्त्रालय — Nepal National Building Code NBC:105:2020, Seismic Design of Building in Nepal स्वीकृत गर्ने ।

२२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — NORMS FOR RATE ANALYSIS OF ROAD TUNNEL CONSTRUCTION-2077 स्वीकृत गर्ने ।

२३. गृह मन्त्रालय — वैयक्तिक गोपनीयता सम्बन्धी नियमावली, २०७७ स्वीकृत गर्ने ।

२४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको सुरङ निर्माण कार्यको मापदण्ड (नर्म्स) स्वीकृत गर्ने ।

२५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय —

कोभिड-१९ को संक्रमण बढ्दै गएको हुँदा संक्रमणलाई नियन्त्रण गर्न देहायबमोजिमको व्यवस्था मिलाउने र उल्लङ्घन गर्ने व्यक्ति ,सञ्चालक तथा संस्थालाई प्रचलित कानूनबमोजिम दण्ड जरिवाना गर्ने ।

१. नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा जारी जनस्वास्थ्य मापदण्ड तथा सुरक्षा मापदण्ड कडाइका साथ पालना गराउने । मास्क नलगाउने वा जनस्वास्थ्य मापदण्डको उल्लङ्घन गर्ने व्यक्तिलाई दण्ड जरिवाना गर्ने ।

२. काठमाडौ उपत्यका प्रवेश गर्ने अत्यावश्यक ढुवानी बाहेकका अन्य सबै यात्रुबाहक सवारी साधनहरूलाई बेलुकी ७:०० बजेदेखि बिहान ५:०० बजेसम्म आवागमन निषेध गर्ने । काठमाडौ उपत्यका र कोभिड-१९ को २०० भन्दा बढी सक्रिय संक्रमण केश भएका जिल्लामा सार्वजनिक तथा निजी सवारी साधनहरू जोर बिजोरका आधारमा सञ्चालन गर्ने । यस वर्गमा पर्ने जिल्लाका सहरी इलाकामा बेलुकी ९:०० बजेदेखि बिहान ५:०० बजेसम्म आवागमन वन्द गर्ने ।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

३. कोभिड-१९ को संक्रमणको जोखिमको विश्लेषण गरी जोखिम बढेको क्षेत्र/स्थानमा जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) ले तुरून्त बन्द गरी थप परीक्षणको व्यवस्था मिलाउने ।

४. नेपाल सरकारको निर्णयबमोजिम आगमन अनुमति पाएका व्यक्ति बाहेक अन्तर्राष्ट्रिय सीमानाकामा हुने आवतजावतलाई निषेध गर्ने ।

५. होटल रेष्टुरेण्टमा हुने सामूहिक भोज ,पार्टी ,सेमिनार वा अन्य सामूहिक भेलाजस्ता कार्य निषेध गर्ने ।

नेपाल सरकार,मन्त्रिपरिषद्का निर्णयहरु

## सम्बत् २०७७ साल साउन १२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. अर्थ मन्त्रालय — प्राथमिकता प्राप्त नदी बेसिन बाढी जोखिम व्यवस्थापन आयोजनाको कार्यान्वयनका लागि एसियाली विकास बैंकबाट प्राप्त हुने अमेरिकी डलर ५० मिलियन बराबरको ऋण तथा अनुदान सहायता सम्बन्धी वार्ता गर्न वार्ता टोली गठन गर्ने।

२. अर्थ मन्त्रालय — पुनर्बीमा नीति, २०७७ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — उत्पत्तिको प्रमाणपत्र जारी गर्नेसम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडलाई भन्सार महसुल छूटमा चिनी आयात गर्न स्वीकृत दिने ।

५. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय — नेपाल न्याय सेवा, कानून समूहका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरूको सरुवा गर्ने ।

६. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय — सत्य निरुपण तथा मेलिमलाप आयोगको केन्द्रीय कार्यालयको लागि ३५ जना, मुकाम कार्यालयको लागि २१ जना र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको लागि २३ जना राजपत्रांकित कर्मचारीहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

७. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७७।७८ का लागि नेपाल लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना र अन्तर्गतको विकेन्द्रीत आयोजना सहयोग ईकाइमा १९ राजपत्रांकित पदहरुको अस्थायी दरवन्दी स्वीकृत गर्ने।।

८. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत संचालित आयोग/आयोजना/परियोजना तथा कार्यक्रमहरुको चालु आर्थिक वर्ष २०७७।०७८ का लागि २२० राजपत्रांकित पदहरुको अस्थायी दरवन्दी स्वीकृत गर्ने ।

९. गृह मन्त्रालय — प्रहरी नायब महानिरीक्षकहरु निरज बहादुर शाही र प्रद्युम्न कुमार कार्कीलाई प्रहरी सेवाको जनपद प्रहरी समूहको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा नियुक्ति गर्ने।

१०. परराष्ट्र मन्त्रालय — मस्कटस्थित नेपाली राजदूतावासका लागि जग्गा भाडामा लिने सम्झौता गर्न स्वीकृति दिने ।

११. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — नारायणगढ-मुग्लिङ्ग सडक खण्डमा हलुका सवारी साधनको रु.२५।- र भारी सवारी साधनको रु.५५।- का दरले सडक उपभोग दस्तुर संकलन गर्न स्वीकृति प्रदान गर्ने।

१२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — संघीय राजधानी शहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७७ लाई स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१३. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — बाल सुधार गृहहरु (रुपन्देही, मकवानपुर, डोटी र पर्सा) र राष्ट्रिय बाल अधिकार परिषद्तर्फ ६ वटा राजपत्रांकित पदहरुको अस्थायी दरवन्दी स्वीकृत गर्ने।

१४. युवा तथा खेलकुद मन्त्रालय — राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिवमा रमेश कुमार सिलवाल, बेनीघाट-३ धादिङ्गलाई नियुक्त गर्ने।

१५. युवा तथा खेलकुद मन्त्रालय — राष्ट्रिय खेलकुद परिषद्को उपाध्यक्ष पदमा स्याङ्जा जिल्ला, खिलुङदेउराली-९ निवासी श्री शिब कोइरालालाई मनोनयन गर्ने।

१६. रक्षा मन्त्रालय — राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिका सदस्यहरूको सेवा सुविधा निर्धारण गर्ने विषयको प्रस्ताव फिर्ता गर्ने ।

१७. रक्षा मन्त्रालय — विभिन्न मित्रराष्ट्रस्थित नियोगहरूमा सैनिक सहचारी र सैनिक सल्लाहकार नियुक्ति गर्ने ।

१८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — चिकित्सा शिक्षा आयोग र यस मन्त्रालय अन्तर्गत विभिन्न कार्यक्रम, परियोजना, आयोजना, समितिका लागि राजपत्राङ्कित श्रेणीका जम्मा ६४ (चौसट्ठी) अस्थायी पदको दरबन्दी सिर्जना गर्ने।

१९. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — कोभिड-१९ का कारण बन्द रहेका विद्यालय जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड पालना हुने गरी विद्यालयका शैक्षिक क्रियाकलाप सञ्चालनार्थ सहजिकरणका लागि देहायबमोजिम गर्नेः-

(क) शैक्षिक सत्र २०७६।७७ को नतिजा प्रकाशन गर्न बाँकी रहेको भए नतिजा प्रकाशन गर्ने।

(ख) २०७७ भदौ १ गतेदेखि नयाँ विद्यार्थी भर्ना गर्ने र कक्षागत रुपमा विद्यार्थीको संख्यात्मक विवरण यकिन गर्ने। भर्ना भएका विद्यार्थीको शैक्षिक तथ्याङ्क भराउने।

(ग) नयाँ शैक्षिक सत्रमा अध्ययन गर्ने विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउने बाँकी भए उपलब्ध गराउने।

(घ) हालसम्म विद्यालयमा पुग्न नसकेका सम्पूर्ण शिक्षकहरू भदौ ७ गतेसम्म विद्यालयमा पुगिसक्ने व्यवस्था मिलाउने।

(ङ) शिक्षा लनविज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय सञ्चा ,सम्बन्धी कार्यढाँचा जारी गर्ने।

(च) विद्यालय भवन तथा परिसरमा क्वारेन्टिन र आइसोलेसन सम्बन्धी कार्यहरू सञ्चालन नगर्ने। क्वारेन्टिन र आइसोलेसनको रुपमा प्रयोग हुन छाडेका विद्यालय भवनलाई तोकिएको मापदण्डबमोजिम स्थानीय तहले निर्मलीकरण गरी अध्ययन अध्यापन गर्न योग्य बनाउने।

(छ) विद्यालय र विद्यालय परिसर भित्र तथा विद्यार्थी आवागमनमा प्रतिकुल असर पर्ने गरी वा विद्यालय क्षेत्रको निकट हुने गरी कोभिड-१९ रोकथाम र नियन्त्रण सम्बन्धी संरचनाहरू नराख्ने।

२०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — निजामती सेवा पुरस्कार सिफारिस समितिमा नेपाल सरकारको सचिव मध्येबाट गृह मन्त्रालयका सचिव र सेवा निवृत्त कर्मचारीहरु मध्येको सदस्यमा पूर्व मुख्य सचिव श्री दामोदर प्रसाद गौतमलाई सदस्य तोक्ने।

२१. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)को कार्यकारी निर्देशक पदमा श्री बुद्धिबहादुर के.सी.लाई नियुक्त गर्ने।

२२. सहरी विकास मन्त्रालय — नवलपरासी पूर्वको जिल्ला सदरमूकामको प्रथम चरणको पूर्वाधार विकास गर्न स्रोत सुनिश्चितता अर्थ मन्त्रालयले गर्ने, सोही अनुसार राष्ट्रिय योजना आयोगले बहुवर्षिय खरिद गुरु योजना स्वीकृतिका लागि सहमति दिने।

२३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — नेपाल स्वास्थ्य व्यवसायी परिषद्को अध्यक्ष पदमा मालु-२ दोलखा निवासी डा.मोहन कृष्ण श्रेष्ठलाई मनोनयन गर्ने।

२४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — स्वास्थ्य बीमा बोर्डका अध्यक्ष डा.उमा शंकर प्रसादको राजीनामा स्वीकृत गर्ने।

२५. नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव श्री मधुकुमार मरासिनी लाई बढुवा गर्ने।

२६. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — नेपाल बाल संगठनको केन्द्रिय कार्यसमिति खारेज गर्ने र सुनसरी जिल्ला धरान नगरपालिका वडा नं.१४ निवासी श्री विद्या उपाध्याय न्यौपानेलाई बाल संगठनको केन्द्रिय कार्यसमितिको अध्यक्ष पदमा मनोनयन गर्ने।

२७. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यसमिति विघटन गरी संस्थाको साधारण सदस्यहरूमध्येबाट देहायबमोजिमको तदर्थ समिति गठन गर्नेः-

| क्र.सं. | नामथर | पद | ठेगाना | प्रदेश |
|---|---|---|---|---|
| १ | डा.नेत्र प्रसाद तिम्सिना | अध्यक्ष | सिजुवा -९ मोरङ | प्रदेश १ |
| २ | डा. विश्वकेशर मास्के | उपाध्यक्ष | का.म.न.पा २८, काठमाडौं | बागमती |
| ३ | शर्मिला कार्की | उपाध्यक्ष | का.म.न.पा ३२, काठमाडौं | प्रदेश १ |
| ४ | पिताम्बर अर्याल | महामन्त्री | अर्जे २, गुल्मी | प्रदेश ५ |
| ५ | सिताराम कोइराला | कोषाध्यक्ष | सुनौलावजार- ८ धादिङ | बागमती |
| ६ | होम प्रसाद पाठक | उप कोषाध्यक्ष | सुनखानी ३ दोलखा | बागमती |
| ७ | श्रीकृष्ण दाहाल | सदस्य | जिरीखिम्ती -४ तेह्रथुम | प्रदेश १ |
| ८ | अरुण खनाल | सदस्य | गढ्ढीचौतार -१ तनहु | गण्डकी |
| ९ | तिर्थराज घिमिरे | सदस्य | गुञ्जनगर - ५ चितवन | वाग्मती |
| १० | लेख बहादर हमाल | सदस्य | अर्थुङ - ४ म्याग्दी | गण्डकी |
| ११ | छेपाल दोर्जे लामा तामाङ | सदस्य | मुचु १, हुम्ला | कर्णाली |
| १२ | इन्द्र बहादुर गुरुङ | सदस्य | हाङदेवा २ ताप्लेजुङ | प्रदेश १ |
| १३ | प्रताप विष्ट | सदस्य | शिखरकोट २ मकवानपुर | वाग्मती |
| १४ | कुमार थापा | सदस्य | बल्थली ८, काभ्रेपलाञ्चोक | प्रदेश १ |
| १५ | वावुराजा महर्जन | सदस्य | ललितपुर-७ ललितपुर | प्रदेश १ |
| १६ | शम्भु प्रसाद पोखरेल | सदस्य | छत्रगन्ज ८, अर्घाखाची | प्रदेश ५ |
| १७ | शिव कुमार थापा | सदस्य | विजौरी ५ हेमन्तपुर दाङ | प्रदेश ५ |
| १८ | अशोक श्रेष्ठ | सदस्य | सिद्धेश्वर ६, सिन्धुली | वागमती |
| १९ | वावुराम भट्टराई | सदस्य | बुटवल ८, रुपन्देही | प्रदेश ५ |
| २० | उद्धव राज भट्टराई | सदस्य | बेलदिवीपुरी -१, कैलाली | सुदुरपश्चिम |
| २१ | चन्द्रकला कार्की | सदस्य | मनकामना ८, संखुवासभा | प्रदेश १ |
| २२ | प्रदिप घिमिरे | सदस्य | क्यामिन १, तनहु | गण्डकी |
| २३ | नागेन्द्र प्रसाद चौधरी | सदस्य | कौडेना ३, सर्लाही | प्रदेश २ |
| २४ | उमेश थापा | सदस्य | धरान १५, सुनसरी | प्रदेश १ |
| २५ | लोकराज ढकाल | सदस्य | दुहागढी ७, झापा | प्रदेश १ |
| २६ | खेमराज के.सी. | सदस्य | सरस्वती १, दैलेख | कर्णाली |
| २७ | दिपेन्द्र राज ढकाल | सदस्य | हंसपुर, कास्की | गण्डकी |
| २८ | श्याम प्रसाद डोटेल | सदस्य | बसुन्धारा ३, काठमाडौं | बागमती |
| २९ | सुवोध कुमार सिंह | सदस्य | कदमाहा ६, मोरङ | प्रदेश १ |
| ३० | जीवन राना | सदस्य | धनगढी ८, कैलाली | सुदुरपश्चिम |
| ३१ | महेन्द्र श्रेष्ठ | सदस्य | तम्घास ४, गुल्मी | गण्डकी |
| ३२ | लोकदर्शन श्रेष्ठ | सदस्य | चन्दननाथ नपा ६, जुम्ला | कर्णाली |
| ३३ | मोहन पोखरेल | सदस्य | | |



नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

## सम्बत् २०७७ साल साउन ५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. १. यस वर्षको मनसुन सुरु भएसँगै भइरहेको अविरल वर्षाले ल्याएको बाढी, पहिरो र डुबानका कारण जनधनको क्षति; यातायात, सञ्चार र विद्युत सेवा अवरुद्ध हुनुका साथै जनजीवन प्रभावित भएको छ । उक्त दुःखद घटनामा परी ज्यान गुमाउने मृतकहरूप्रति श्रद्धासुमन अर्पण गर्दै शोक प्रकट गर्ने, प्रभावित शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्ने तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने ।

२. घटनालगत्तै उद्धार र हेरविचार गर्ने, राहत उपलब्ध गराउने, अस्पताल तथा स्वास्थ्य संस्थामा पुर्‍याउन सहयोग गर्ने, उपचार गर्ने, सुरक्षा दिने, समाचार सम्प्रेषण गर्नेसमेतका कार्यमा स्वस्फुर्त रूपमा तत्कालै परिचालित भई प्राकृतिक विपदमा तदारुकताका साथ मानवीय सेवा उपलब्ध गराउन अमूल्य सहयोग पुर्‍याउने सुरक्षा निकाय तथा सुरक्षाकर्मीहरू; प्रशासनिक संयन्त्र र कर्मचारीहरू; सरकारी, निजी र सामुदायिक स्वास्थ्य संस्थाका चिकित्सक, नर्सलगायतका स्वास्थ्यकर्मीहरू; रक्तदाताहरू; संघ, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा पदाधिकारीहरू; राजनीतिक दलका प्रतिनिधि तथा कार्यकर्ताहरू; निजी क्षेत्रका संघ संस्था तथा प्रतिनिधिहरू; सञ्चार माध्यमलगायत सम्पूर्ण निकाय, जनशक्ति तथा आम जनसमुदायबाट भएको योगदानका लागि नेपाल सरकारको तर्फबाट हार्दिक धन्यवाद दिने ।

३. सम्बन्धित सबै निकाय तथा जनशक्ति परिचालित भई तत्कालका लागि अत्यावश्यक राहतका कार्यहरू तदारुकताका साथ गर्ने ।

४. घाइतेहरूको उपचारको सम्पूर्ण व्यवस्था सरकारले मिलाउने । घाइतेहरूको उपचारमा कुनै कमी कमजोरी हुन नदिने । घाइते भई अपाङ्ग तथा अशक्त हुनेहरू र मृतकका परिवारका सदस्यहरूलाई सरकारले यथोचित व्यवस्था गर्ने ।

५. प्रभावित क्षेत्रमा कुनै पनि रोगको प्रकोप फैलिन नदिन औषधि उपकरणसहित थप स्वास्थ्यकर्मीहरूको टोली तुरुन्त परिचालन गर्ने । विपद प्रभावित क्षेत्रमा यातायात, विद्युत, खानेपानी, सञ्चारलगायतका अत्यावश्यक सेवाहरू सुचारु बनाउन र थप क्षति हुन नदिन सम्बन्धित निकायहरूले पूर्ण सतर्कता अपनाउने र आवश्यक कदम चाल्ने।

६. यातायात आवागमनलाई सुचारु गर्न रक्षा, गृह र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयहरूले समन्वय गरी आवश्यक र सम्भव कदम चाल्ने ।

७. उद्धार र राहतलगायतका कार्यहरूमा आवश्यक सहयोग पुर्‍याउन जनप्रतिनिधिहरूलाई आग्रह गर्ने ।

८. यस दुःखद् परिस्थितिमा सबै सरकारी निकायहरू, निजी क्षेत्र, सामाजिक क्षेत्र तथा गैरसरकारी संघ संस्थाहरूलाई समन्वयात्मक रूपमा परिचालन गरी विपद् प्रभावितहरूको उद्धार, राहत, उपचार एवं खाद्यान्न र बसोबासको प्रबन्ध मिलाउन गृह मन्त्रालयलाई निर्देशन दिने ।

९. गृह मन्त्रालयको समन्वयमा विपद्बाट भएको क्षतिको विवरण यथाशीघ्र तयार गर्ने, मूल्याङ्कन गर्ने, तथ्य र विवरणसहितको यथार्थ परिस्थिति स्पष्ट भइसकेपछि पुनर्स्थापना तथा पुनर्निर्माणलगायतका विषयमा थप निर्णय गर्ने ।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — डा. टेक बहादुर घिमिरेलाई नेपाल न्याय सेवा, सरकारी वकील समूह, राजपत्राङ्कित विशिष्ट श्रेणीको, नायव महान्यायाधिवक्ता पदमा बढुवा नियुक्त गरी महान्यायाधिवक्ताको कार्यालयमा पदस्थापन गर्ने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सर्वोच्च अदालतबाट २०६७ सालको रिट नं. ०६७-WO-०६९४ को उत्प्रेषण समेतको मुद्दामा मिति २०७५/०१/१६ मा भएको आदेश कार्यान्वयन गर्ने

४. अर्थ मन्त्रालय — सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — मिति २०७६ चैत्र १६ अगाडि नै सिपिङ भइसकेका सुपारीको आयात गर्न स्वीकृति दिने।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची ६ र ८ संशोधन गर्ने ।

७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — थप तीनवटा वस्तुहरूको नेपाल गुणस्तर अनिवार्य गर्ने ।

८. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — श्री मोनिका झालाई सिनियर डिभिजनल जियोलोजिष्ट राजपत्रांकित प्रथम श्रेणी (प्रा.) सह सचिव वा सो सरहको पदमा नियुक्ति दिई खानी तथा भू-गर्भ विभागको सुपरिटेण्डेन्ट जियोलोजिष्टमा पदस्थापना गर्ने।

९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — श्री महेश्वर श्रेष्ठलाई नेपाल इन्जिनियरिङ्ग सेवा सिभिल समूह इरिगेशन उप समूह रा.प. प्रथम श्रेणीको सहसचिव वा सो सरह पदमा र श्री अर्चना श्रेष्ठलाई नेपाल इन्जिनियरिङ्ग सेवा मेटेरियोलोजी समूहको रा.प.प्रथम श्रेणी सहसचिव वा सो सरहको पदमा बढुवा गर्ने।

१०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — श्री टिकाराम बराललाई नेपाल इन्जिनियरिङ्ग सेवा एगृ इरिगेशन इन्जिनियरिङ्ग समूहको राजपत्राङ्कित प्रथम श्रेणीको सु.ई. पदमा नियुक्ति गर्ने ।

११. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — नेपालमा उत्पादन भई खपत हुन नसक्ने अतिरिक्त विद्युत वा आन्तरिक उत्पादनमा कमी आई अपुग हुने विद्युत छिमेकी मुलुक भारत र बङ्गलादेश तर्फ वा ती देशहरुवाट बोलपत्र वा डे-अहेड, टर्म-अहेड लगायत अल्पकालीन/मध्यकालीन/दीर्घकालीन रुपमा विक्री वा खरिद गर्न नेपाल विद्युत प्राधिकरणलाई पूर्वस्वीकृति प्रदान गर्ने।

१२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय मातहतका ४५ वटा आयोजना/कार्यक्रमहरुको निम्ति चालु आ .व. २०७७/०७८ को लागि विभिन्न सेवा, समूह, उपसमूह र श्रेणीका राजपत्रांकित ३६७ पदहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

१३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गतका बुढीगण्डकी जलविद्युत आयोजनाको वातावरण मुआव्जा, वितरण पुनर्वास तथा पुनर्स्थापना इकाइ, बुढीगंगा जलविद्युत आयोजना, पञ्चेश्वर बहुउद्धेश्यीय आयोजना, सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजना तथा सुनकोशी स्टोरेज कम डाइभर्सन आयोजना र विद्युत विकास दशक सम्बन्धी कार्ययोजनाको लागि आ.व.२०७७/७८ मा आवश्यक पर्ने ५१ जना राजपत्रांकित कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

१४. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय — प्रशासकीय अदालतको अध्यक्षमा श्री डिल्लीराज घिमिरे, अर्घाखाँची, सदस्यमा श्री रीता मैनाली, तेह्रथुम, र श्री कृष्णप्रसाद पौडेल, स्याङ्जालाई नियुक्त गर्ने।

१५. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय — उच्च अदालत, पोखराका रजिष्ट्रार श्री कृष्णप्रसाद पौडेलले आफ्नो पदबाट दिनुभएको राजीनामा स्वीकृत गर्ने।

१६. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — नेपाल कृषि विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने।

१७. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — श्री भोजराज सापकोटालाई नेपाल कृषि सेवा, बाली संरक्षण समूहको रा.प. प्रथम (प्रा.) श्रेणीमा नियुक्ति गर्ने ।

१८. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — औषधी र रासायनिक मल अत्यावश्यक र समयमै आपूर्ति हुनुपर्ने भएकाले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/३/२९ गते बसेको निर्णयअनुसारको खरिद सम्झौताको म्याद थप सम्बन्धी व्यवस्था औषधी र रासायनिक मल खरिद सम्झौताको हकमा लागू नगर्ने ।

१९. खानेपानी मन्त्रालय — खानेपानी मन्त्रालय अन्तर्गत संचालित १५ वटा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरु र अन्य १२ वटा आयोजनाहरुमा आ.व. २०७७/०७८ मा आवश्यक पर्ने राजपत्रांकित श्रेणीका विभिन्न पदका जम्मा २२३ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

२०. गृह मन्त्रालय — मृतकहरु प्र.नि. अमिर कुमार दाहाल, राजेश साह र आनन्द साहको आश्रित परिवारलाई राहत/क्षतिपूर्ति स्वरुप प्रति मृतक रु.१० लाख उपलब्ध गराउने।

२१. गृह मन्त्रालय — विपद पीडित उद्धार र राहतसम्बन्धी (सातौं संशोधन) मापदण्ड, २०७७ स्वीकृत गर्ने।

२२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — श्री सुशील डंगोललाई नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूह, राजपत्रांकित प्रथम श्रेणी सहसचिव (प्रा.) वा सो सरहको पदमा नियुक्ति गर्ने ।

२३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — भूमि सम्बन्धी समस्या समाधान आयोगको सदस्य-सचिव तोकिएकोमा नापी विभागका उप-महानिर्देशक रा.प्र.प्रथम श्रेणीका श्री अमिरप्रसाद न्यौपानेलाई नापी विभागमा फिर्ता गरी यसै मन्त्रालयका सह-सचिव रा.प.प्रथम श्रेणीका श्री लिलाप्रसाद शर्मालाई उक्त आयोगको सदस्य-सचिव तोक्ने र सो सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशित गर्ने।

२४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग र रेल विभाग अन्तर्गत आ.व. ०७७।७८ मा सञ्चालन हुने विभिन्न ५२ वटा आयोजना/योजनाहरुको निमित्त आवश्यक पर्ने राजपत्राङ्कित अधिकृतस्तरका ३७७ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

२५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — सवारी चालक अनुमतिपत्रको नवीकरण गर्ने म्याद बन्दाबन्दी (लकडाउन) को अवधिभित्र परेमा २०७७ भदौ मसान्तसम्म गर्न सक्ने र सो कारणले ढीलो भएबापत/नवीकरण म्याद नाघेबापत बुझाउनु पर्ने शुल्क जरिवाना मिनाहा गर्ने गरी नवीकरण गर्न स्वीकृति दिने ।

२६. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — समाज कल्याण परिषद्मा रिक्त पदाधिकारीहरू मनोनयन गर्ने ।



नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

२७. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — राष्ट्रिय बालअधिकार परिषद्को रिक्त पदाधिकारीहरू मनोनयन गर्ने ।

२८. रक्षा मन्त्रालय — नेपाली सेना अन्तर्गत श्री सर्भे तथा सीमा अनुगमन निर्देशनालय स्थापना गर्ने_।

२९. रक्षा मन्त्रालय — नेपाली सेनाका पाइलट प्रमुख सेनानी प्रशान्त बहादुर पाण्डे र पाइलट प्रमुख सेनानी सुवाश थापालाई पाइलट महासेनानी दर्जामा बढुवा गर्ने।

३०. रक्षा मन्त्रालय — नेपाली सेनाका महासेनानी केदार के.सी.लाई अवकाशपूर्व सहायक रथी दर्जामा मानार्थ बढुवा गर्ने।

३१. रक्षा मन्त्रालय — नेपाली सेनाका सेनानी बज्र बहादुर कुंवरलाई अवकाशपूर्व प्रमुख सेनानी दर्जामा मानार्थ बढुवा गर्ने।

३२. रक्षा मन्त्रालय — काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक निर्माणमा संलग्न सैनिकहरूलाई जोखिम तथा खाजा भत्ता उपलब्ध गराउने ।

३३. वन तथा वातावरण मन्त्रालय — श्री पशुपतिनाथ कोइरालालाई नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, रा.प. प्रथम श्रेणीको सह सचिव (प्रा.) वा सो सरहको पदमा नियुक्ति गर्ने।

३४. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय — श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत सञ्चालित विभिन्न कार्यक्रमका लागि आ.ब २०७७/७८ मा आवश्यक पर्ने राजपत्रांकित अधिकृत वा सो सरहका ७१५ अस्थायी दरवन्दी स्वीकृत गर्ने।

३५. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय —

क.निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनको निर्वाचन गर्न जल तथा उर्जा आयोगमा कार्यरत नेपाल न्याय सेवा, कानून समूहका सह-सचिव श्री कलानिधि पौड्याललाई प्रमुख निर्वाचन अधिकृत तोक्ने,

ख. सो निर्वाचनको लागि आवश्यक बजेटको व्यवस्था अर्थ मन्त्रालयले मिलाउने,

ग. प्रमुख निर्वाचन अधिकृतको कार्यालयमा संलग्न अनुसूची-१ बमोजिमका कर्मचारीहरु रहने गरी निर्वाचन सम्पन्न नभए सम्मका लागि दरवन्दी स्वीकृत गर्ने,

घ. न्याय सेवाका कर्मचारी कानून न्याय तथा संसदीय मामिला मन्त्रालयले, लेखा समुहका कर्मचारी महालेखा नियन्त्रकको कार्यालयले र अन्य सेवा/समूहका कर्मचारी संघीय, मामिला तथा सामान्य प्रशासन मन्त्रालयले काज खटाई पदपूर्ती गर्ने,

ङ. प्रमुख निर्वाचन अधिकृतको कार्यालय काठमाण्डौमा स्थापना गर्ने र जिल्लाको हकमा सो सम्बन्धी कार्य जिल्ला सरकारी वकिल कार्यालयले गर्ने। जिल्ला सरकारी वकिल कार्यालयलाई थप जनशक्ती आवश्यक पर्ने भएमा सम्बन्धित निकायसँग समन्वय गरी जिल्ला प्रशासन कार्यालयले व्यवस्थापन गर्ने।

३६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — पर्यटन तथा सांस्कृतिक सम्पदा स्थापना र व्यवस्थापन गर्ने विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिने ।

३७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — पर्यटन पूर्वाधार निर्माण तथा पर्यटन उपज विकास साझेदारी आयोजना (सञ्चालन) कार्यविधि, २०७७ विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।



नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरु

३८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — श्री अण प्रसाद न्यौपानेसहित ११४ जना राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदका कर्मचारीहरूलाई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तहमा कामकाज गर्न खटाउने तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत पदमा कामकाज गर्न खटाउने ।

३९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — चन्द्रमान श्रेष्ठको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा निलम्बन फुकुवा गर्ने ।

४०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — मोरङ जिल्ला स्थित मंगलबारे अस्पताललाई प्रदेश नं.१ सरकार अर्न्तगत राखी व्यवस्थापन गर्ने।

४१. सम्माननीय प्रधानमन्त्रीज्यूको जनसम्पर्क सल्लाहकारमा राज्यमन्त्रीसरहको पारिश्रमिक र सुविधा पाउने गरी श्री सीता कुमारी पौडेल, वीरेन्द्रनगर-६, चितवनलाई नियुक्त गर्ने ।

४२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय —

विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा देहायबमोजिम गर्ने गराउने गरी संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम देहायको आदेश जारी गर्ने। सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने।

१. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६ चैत ९ गते बसेको निर्णयअनुसार मिति २०७६ चैत ११ गतेदेखि शुरू भई विभिन्न मितिमा हेरफेर तथा थपघटसहित नेपालभर लागू रहेको बन्दाबन्दी (लकडाउन) सम्बन्धी व्यवस्था मिति २०७७ साउन ६ गते मङ्गलबार (तदनुसार २०२० जुलाई २१) मध्यरात पछि अन्त्य गर्ने। नेपालभर लागू रहेको बन्दाबन्दी (लकडाउन) सम्बन्धी व्यवस्था बाहेक कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा गरिएका अन्य व्यवस्था यथावत कायम राख्ने।

२. जनस्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तोकेका मापदण्डबमोजिम हुनेगरी देहायका सेवा तथा कार्यहरू मिति २०७७ साउन १५ गतेदेखि सञ्चालन गर्नेः-

(क) होटल, रेष्टुरेण्ट (सामूहिक भोज, पार्टी, सेमिनार वा अन्य सामूहिक भेला हुने बाहेक);

(ख) ट्रेकिङ्ग, ट्राभल, पर्वतारोहणलगायत पर्यटन व्यवसाय।

३. जनस्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने गरी देहायका सेवा तथा कार्यहरू मिति २०७७ भदौ १ गतेदेखि देहायबमोजिम सञ्चालन गर्नेः-

(क) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तोकेको मापदण्डबमोजिम हुनेगरी छोटो, मध्यम र लामो दूरीमा जिल्लाभित्र तथा अन्तर जिल्ला सञ्चालन हुने निजी तथा सार्वजनिक यात्रुबाहक सवारी साधनहरू;

(ख) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तोकेको मापदण्डबमोजिम हुनेगरी सो मन्त्रालयले तोकेका आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यावसायिक तथा अन्य उडानहरू;

(ग) अन्तर्राष्ट्रिय खेलकूदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल;

(घ) विद्यार्थी भर्ना, शैक्षिक र अन्य परीक्षा सञ्चालन।

४. देहायबमोजिमका सेवा र कार्यहरू अर्को सूचनाबाट तोकिएको मितिदेखि सञ्चालन गर्नेः-



नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

(क) शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालीम केन्द्र);
(ख) सबै प्रकारका सभा, गोष्ठी, तालीम, सेमिनार;
(ग) सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन;
(घ) सिनेमा हल, पार्टी प्यालेस, डान्सबारलगायतका मनोरञ्जन स्थल;
(ङ) सैलुन, ब्युटीपार्लर तथा स्पा;
(च) स्विमिङ पुल, जिमखानालगायत हेल्थ क्लब;
(छ) समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति;
(ज) सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल;
(झ) पुस्तकालय, सङ्ग्रहालय र चिडियाखाना।

५. सबै प्रकारका सेवा तथा कार्यहरू सञ्चालन गर्दा दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटकपटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्नेलगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रूपमा पालना गरी सेवा र कार्यहरू सञ्चालन गर्ने।

६. व्यवसायीहरूले औषधी र औषधीजन्य सामग्रीहरूको नियमित आपूर्तिको व्यवस्था गर्ने। अभाव देखाई मूल्य वृद्धि गर्ने वा कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानूनबमोजिम नियन्त्रणमा लिने, सामग्री जफत गरी रोगको रोकथाम र उपचारको कार्यमा उपयोग गर्ने।

७. संक्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम जारी यस आदेशको कार्यान्वयन गर्नको लागि आवश्यक व्यवस्था मिलाउन नेपाल राज्यका सबै प्रमुख जिल्ला अधिकारीलाई मुकरर गर्ने र सो कार्य गर्दा आवश्यकताअनुसार स्थानीय प्रशासन ऐन, २०२८ कोसमेत प्रयोग गर्ने।

८. संक्रामक रोग ऐन, २०२० अन्तर्गत जारी आदेशको अपहेलना गर्ने वा काममा बाधा पुऱ्याउने व्यक्तिलाई सोहि ऐनबमोजिम सजाय हुने।

९. उपर्युक्त सेवा तथा कार्य सञ्चालन गर्दा सम्बन्धित मन्त्रालयले जनस्वास्थ्य र सुरक्षा मापदण्डका आधारमा आ-आफ्नो कार्यक्षेत्रभित्र पर्ने विषयहरूको सम्बन्धमा आवश्यक प्रोटोकल जारी गरी लागू गर्नुपर्नेछ। परिस्थितिको समीक्षा एवं संक्रमणको जोखिम विश्लेषणका आधारमा उल्लिखित व्यवस्थामा आवश्यक हेरफेर एवं थपघट गर्न सकिनेछ।

४३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय —

१. विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ रोगको संक्रमणबाट सुरक्षित रहनका लागि छिमेकी मित्रराष्ट्रहरू लगायत अन्य मित्रराष्ट्रहरूले चालेका प्रयास र अनुभवसमेतलाई ध्यानमा राखी यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूलाई सो रोगको संक्रमणबाट सुरक्षित राख्न नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सवै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरूको आवागमन २०७७ साउन ६ गते मङ्गलबार मध्यरातसम्मका लागि स्थगित गरिएकोमा हाललाई मिति २०७७ साउन ३२ गते आइतबार (तदनुसार २०२० अगष्ट १६) मध्यरातसम्मका लागि नेपालको अन्तर्राष्ट्रिय

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

सीमानामा रहेका नेपाल प्रवेश गर्ने सवै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरूको आवागमन स्थगित गर्ने गरी निरन्तरता दिने ।

तर, नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/२/१२ को निर्णयबमोजिम जारी भएको "कोभिड-१९ को विश्वव्यापी सङ्क्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी आदेश, २०७७" बमोजिम स्थल मार्गबाट नेपाल प्रवेश गर्न तोकिएका विन्दुबाट नेपाल प्रवेश गर्न दिने व्यवस्था र मालसामानको ढुवानी व्यवस्थालाई यथावत कायम राख्ने। यो आदेशको पालना नगरी सीमा नाकाबाट प्रवेश गर्ने गराउने र प्रवेश गरेका मानिसहरूलाई लुकाउने कार्य गरे गराएमा प्रचलित कानूनबमोजिम कारबाही गर्ने ।

२. विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रणका लागि सरकारले संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी गरेको आदेश जनताको जीवन रक्षाका लागि हो। हालसम्म यो आदेशको पालना गरी साथ दिनुभएकोमा नेपाल सरकार सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ। साथै, संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी गरिएको आदेश र नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सवै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरूको आवागमन स्थगित गर्ने कार्यको पूर्ण पालना गरी गराई सहयोग पुऱ्याउनु हुन नेपाल सरकार सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक आग्रह गर्दछ ।

४४. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतलाई देहायबमोजिम सरुवा गर्ने–

| क्र.सं. | नाम, थर | साविक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री केदार न्यौपाने | सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | राजपत्राङ्कित विशिष्ट श्रेणी, अतिरिक्त समूह |
| २. | श्री हरिप्रसाद बस्याल | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश | सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| ३. | श्री तोयम राया | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश | सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| ४. | श्री टेकनारायण पाण्डे | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश | सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| ५. | श्री विष्णुप्रसाद नेपाल | राजपत्राङ्कित विशिष्ट श्रेणी, अतिरिक्त समूह | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश |
| ६. | डा. मानबहादुर बि.के. | राजपत्राङ्कित विशिष्ट श्रेणी, अतिरिक्त समूह | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश |

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

४५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — ढुङ्गा, गिटी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ स्वीकृत गर्ने ।

४६. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ बनाई स्वीकृत गर्ने ।

४७. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय — रोजगारीको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७७ स्वीकृत गर्ने ।

४८. गृह मन्त्रालय — सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृत दिने ।

४९. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/६/२८ को बैठकबाट साविक काठमाडौं नगर पञ्चायत वडा नं. १ जमलस्थित कित्ता नम्बर १२७० को ७-१५-३-३ रोपनी जग्गा नेपाल राष्ट्रिय पुस्तकालयलाई उपलब्ध गराई पुस्तकालयको भवन निर्माण गर्नका लागि स्वीकृति प्रदान गरिएकोमा अर्को निर्णय नभएसम्मका लागि उक्त जग्गामा भवन निर्माणसम्बन्धी कार्य नगर्ने नगराउने ।

नेपाल सरकार,मन्त्रिपरिषद्का निर्णयहरु